नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७ - ४४०११२
फ्यास नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

पत्र संख्या : २०८२/०८३
चलानी नं.

मिति:२०८२।०६।०९
ने.सं.११४५

## चाडपर्वका अवसरमा जिल्ला प्रशासन कार्यालय, कालीकोटको अनुरोध।

नेपालीहरुको मुख्य चाडपर्वहरु विजयादशमी, शुभ दिपावली, नेपाल सम्वत्, छठ लगायतका अवसरमा जिल्ला प्रशासन कार्यालय, कालीकोट परिवार जिल्लाबासी तथा देश-विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सु-स्वास्थ्य, दिर्घायू, सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछ। जिल्लामा शान्ति सुरक्षा, सामाजिक तथा धार्मिक सद्भाव कायम गर्दै सभ्य, सुरक्षित, शान्तिपूर्ण र मर्यादित रुपमा आ-आफ्नो धर्म सम्प्रादाय अनुसार चाडपर्व मनाउनु हुन सबैमा हार्दिक अनुरोध छ। चाडपर्व मनाउँदा देहायका शर्तहरु/आचरणहरु पालना गर्नु गराउनु हुन सबै जिल्लावासीमा अनुरोध छ।यस सूचनामा उल्लेखित विषयहरु पालना नगरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ।

१. व्यक्तिगत स्वास्थ्य एवं सुरक्षा, निजी एवं सार्वजनिक सम्पत्तिको सुरक्षा, सामाजिक तथा धार्मिक मर्यादा, सहिष्णुता एवं सद्भावप्रति संवेदनशील भई चाडपर्वहरु सभ्य र मर्यादित रुपमा चाडपर्व मनाउने।
२. अत्यावश्यक वस्तुहरुको कृत्रिम अभाव सृजना गर्ने, अस्वभाविक मूल्य वृद्धि गर्ने, म्याद नाघेका, गुणस्तरहीन र अखाद्य सामग्री विक्रि वितरण गर्ने, अवैध चोरी निकासी गर्ने, आपूर्तिमा अवरोध पु-याउने जस्ता कार्य नगर्ने/नगराउने।
३. सवारी साधनमा स्वीकृत सिट क्षमताभन्दा वढी यात्रु चढाउने, बढी भाडा असुल गर्ने, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने, यात्रुहरुलाई अभद्र व्यवहार गर्ने, गन्तव्यसम्म नपुर्याउने, सडक अवरोध हुने गरी पार्किङ गर्ने, कानूनले निषेध गरेका वस्तुहरु ओसारपसार गर्ने जस्ता कार्य नगर्ने/नगराउने।
४. पटका, आतिसवाजी, भुईचम्पा लगायतका विष्फोटक पदार्थहरूको उत्पादन, आयात, संचय, विक्री वितरण र प्रयोग नगर्ने/नगराउने।
५. जुवा, तास, कौडा सट्टेवाजी लगायतका खेल खेल्ने, खेलाउने कानूनले निषेध गरेका अवैध अनलाइन कारोवार/ठगी नगर्ने/नगराउने।
६. विहान ९ बजेदेखि बेलुकी ८:०० वजेसम्म मात्र प्रचलित कानून अनुसार अनुमति पास व्यवसायीले मात्रै मदिरा तथा मदिराजन्य पदार्थको विक्रि वितरण गर्ने।
७. मेला, जात्रा, महोत्सवहरु स्थानीय पालिकाको सिफारिसमा यस कार्यालयको स्वीकृति लिएर मात्रै सञ्चालन गर्ने।
८. स्वीकृति वेगर चिट्ठा, उपहार लगायतका कार्यक्रम सञ्चालन नगर्ने/नगराउने।

अन्तमा उल्लेखित आचरण/शर्तहरु पलना गर्ने गराउने कार्यमा सहयोग गर्न जिल्ला प्रशासन कार्यालय सबैमा अपिल गर्दछ। कुनै अवान्छित गतिविधि, अपराध वा दुर्घटनाका घटना भएमा वा उल्लेखित सूचनाको उल्लंघन भएको पाइएमा तपसिल बमोजिमका सम्पर्क नम्वरहरुमा जानकारी गराउनुहुन समेत अनुरोध गरिन्छ।

**सम्पर्क नम्वरहरु:**

(क) जिल्ला प्रशासन कार्यालय, कालीकोट ९८५८३३७७७७
(ख) जिल्ला प्रहरी कार्यालय, कालीकोट १००/९८५८३३५५५५
(ग) सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म, कालीकोट ९८४९५१६९९६
(घ) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, कालीकोट ९८४७८३७०६६
(ङ) DEOC कालीकोट ९८४८३२१४२८

गोकर्ण राज सुयल
प्रमुख जिल्ला अधिकारी